**थलारा गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः९ संख्याः४ मिति २०८२ साल साउन ३० गते

## भाग -२

## मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८२।०४।३०

**प्रस्तावनाः**

मदिराको सेवनका कारण समाजमा हुनसक्ने सामाजिक विकृतिको न्यूनीकरण गरी सामाजिक सद्भाव कायम राख्न, मदिराका कारण हुने हिंसा अन्त्य गरी सभ्य समाजको निर्माण गर्नका साथै मदिरा सेवनबाट जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असरलाई न्यूनीकरणका लागि मदिराको उत्पादन, विक्री वितरण तथा सेवन कार्यलाई नियमन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (१४) को अधीनमा रही यस थलारा गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१) सक्षिप्त नाम, विस्तार र प्रारम्भः-**

१) यस कार्यविधिको नाम "**मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८२**" रहेको छ।

२) यो कार्यविधि थलारा गाउँपालिका भर लागु हुनेछ ।

३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मदिरा" भन्नाले अन्न, फलफुल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रसायनिक प्रक्रियाद्धारा कुहाई वा अन्य कुनै प्रक्रियाद्धारा तयार पारिएको अल्कोहलयुक्त रसायनिक पदार्थ सम्झनु पर्दछ। सो शब्दले रक्सी, जाँड, छयाङ, ह्वीस्की, जीन, बराण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्फेसन, साइडर, फेरी, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड, स्प्रिट समेतलाई जनाउँदछ।

ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य बुझिन्छ ।

ग) "उत्पादक" भन्नाले मदिरा उत्पादन गर्न इजाजत पत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सम्झनुपर्छ ।

घ) "इजाजतपत्र" भन्नाले दफा ७ बमोजिम मदिराको उत्पादन, बिक्री वितरण, निकासी पैठारी गर्न संघीय कानून बमोजिमको निकायले दिएको इजाजत पत्र सम्झनुपर्छ ।

ङ) "व्यवसाय दर्ता प्रमाणपत्र" भन्नाले दफा ८ बमोजिम मदिराको उत्पादन, बिक्री वितरण, निकासी पैठारी गर्न थलारा गाउँपालिकामा व्यवसाय दर्ता गरी प्राप्त गरेको प्रमाणपत्र सम्झनुपर्छ ।

च) "सेवनकर्ता" भन्नाले मदिरा सेवन गर्ने व्यक्ति सम्झनुपर्छ ।

छ) "संघीय ऐन" भन्नाले मदिरा ऐन, २०३१ लाई सम्झनुपर्छ ।

ज) "व्यवस्थापन" भन्नाले मदिराजन्य पदार्थको उत्पादन, बिक्री वितरण, सेवन, निकासी पैठारी गर्नको लागि इजाजत पत्र प्रदान गरी मदिराजन्य पदार्थको उत्पादन, बिक्री वितरण, निकासी पैठारीको कार्य व्यवस्थित गर्ने कार्यलाई सम्झनुपर्छ ।

झ) "निकासी" भन्नाले प्रचलित कानून बमोजिम उत्पादन भएको मदिरालाई एक स्थानबाट अर्को स्थानमा खरिद बिक्री गरी पठाउने कार्यलाई सम्झनुपर्छ ।

ञ) "पैठारी" भन्नाले प्रचलित कानून बमोजिम विदेशबाट नेपाल भित्र मदिरा ल्याउने कार्य सम्झनुपर्छ।

ट) "अन्तशुल्क अधिकृत" भन्नाले अन्तशुल्क सम्बन्धी प्रचलित संघीय कानुन बमोजिम तोकेको अधिकृत सम्झनुपर्छ ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थलारा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ड) "न्यून गुणस्तरका मदिरा" भन्नाले ट्याङ्ग्रा, पाउच, लिची, रहर, सुकुटी, छ्याङ, ठेल्लु, बाबरी, स्पेशल, सोफी जस्ता प्लास्टिक प्याकिङका मदिरालाई सम्झनुपर्छ ।

३) **मदिराको उत्पादन नियन्त्रणः-** (१) कुनै व्यक्तिले व्यवसाय दर्ता प्रमाणपत्र तथा इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक यस गाउँपालिका भित्र मदिरा उत्पादन गर्न पाइने छैन।

४) **मदिराको विक्री वितरणमा नियन्त्रणः-** कुनै व्यक्तिले व्यवसाय दर्ता प्रमाणपत्र तथा इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक यस गाउँपालिका भित्र मदिरा विक्री वितरण गर्न वा मदिरा खुवाउने बार र रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

तर अन्य कुनै निकायबाट इजाजतपत्र लिएका वा गाउँपालिकाबाट व्यवसाय दर्ता प्रमाणपत्र लिएको भएतापनि मदिराजन्य पदार्थको विक्री वितरण गर्न नपाउने गरी गाउँपालिका भर वा गाउँपालिकाको स्वास्थ्य, शिक्षा, सरकारी कार्यालय, शैक्षिक संस्था, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुमा निषेधित क्षेत्र घोषणा गर्न सकिनेछ ।

५) **मदिराको उत्पादन तथा विक्री वितरणमा बन्देजः-** (१) मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याउने न्यून गुणस्तरका मदिरा जस्तै ट्याङ्ग्रा, पाउँच, लिचि जस्ता प्लास्टिक प्याकिङ भएका मदिरा उत्पादन तथा विक्री वितरण गर्न पाइने छैन ।

(२) इजाजतपत्र लिएको व्यक्ति वा व्यवसायीले मदिरा पसलमा अन्य मालसामानहरु समेत सँगै विक्रीका लागि राख्न पाइने छैन ।

६) **मदिराको निकासी पैठारीमा नियन्त्रणः-** कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि न्यून गुणस्तरका मदिरा गाउँपालिकाको भु-भाग भएर आयात निर्यात तथा निकासी पैठारी गर्न पाइने छैन ।

७) **इजाजतपत्र लिनुपर्नेः-** क) संघीइ ऐनको दफा ६क र ६ख बमोजिम इजाजतपत्र नलिई कसैले पनि मदिराको उत्पादन, निकासी पैठारी, विक्री वितरण वा सञ्चय गर्न पाउने छैन।

८) **व्यवसायल दर्ता गर्नुपर्ने-** (१) थलारा गाउँपालिकामा मदिराको उत्पादन, निकासी पैठारी, वा विक्री वितरण गर्न चाहने व्यक्तिले थलारा गाउँपालिकामा मदिरा व्यवसाय दर्ताका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन पर्न आएमा प्रमुख प्रशासकीय अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा व्यवसाय दर्ता गर्न मनासिव देखिएमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई व्यवसाय दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ ।

९) **व्यवसाय दर्ता गर्दा आवश्यक कागजातहरुः-**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी

ग) वडा कार्यालयको सिफारिस

घ) चारकिल्ला खुलेको सर्जमिन मुचुल्का

ङ) पासपोर्ट साइजको फोटो २ प्रति

१०) **व्यवसाय दर्ता अवधि र नवीकरणः** (१) व्यवसाय दर्ता गर्दा एक आर्थिक बर्षको असार मसान्त सम्मको अवधिका लागि गरिनेछ।

(२) आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र आर्थिक ऐनमा तोकिएको व्यवसाय कर तथा नवीकरण दस्तुर बुझाइ गाउँपालिकाका नवीकरण गर्नुपर्नेछ।

(३) उपदफा (२) मा तोकिएको अवधिमा व्यवसाय नवीकरण नगरी सोही आर्थिक बर्ष भित्र नवीरकण गर्न आएमा थप २५ प्रतिशत तथा आर्थिक बर्ष नाघेपछि नवीकरण गर्न आएमा थप ५० प्रतिशत जरिवाना लिई नवीकरण गर्न सक्नेछ।

११) **व्यवसाय खारेज गर्न सक्नेः** देहायको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले व्यवसाय खारेज गर्न सक्नेछ ।

(क)व्यवसाय नवीकरण नगरेमा,

(ख)इजाजतपत्र नवीकरण नगरेमा,

(ग) इजाजतपत्रमा तोकिएका शर्त उलङ्घन गरेको पाइएमा,

(घ) दफा ५ विपरीत काम गरेको पाईएमा,

(ङ) कानुनले निषेध गरेका मदिरा उत्पादन वा बिक्री वितरण गरेको पाईएमा

१२) **व्यवसायी वा सेवाग्राहीले पालना गर्नुपर्ने शर्तहरुः-** गाउँपालिका भित्र इजाजतपत्र लिई मदिराको विक्री वितरण गर्ने व्यक्तिहरुले देहायका शर्तहरुको अनिवार्य पालना गर्नु पर्नेछ।

(क)व्यवासय दर्ता प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नवीकरण गराई सक्नु पर्नेछ।

(ख)इजाजतपत्र, व्यवसाय दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

(ग)प्रत्येक वोतलमा विर्को र वोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँस गरेको हुनुपर्नेछ।

(घ)बिहान १० वजे देखि राति १० वजे सम्म मात्र मदिराको विक्री वितरण गर्नु पर्नेछ।

(ङ)अठार वर्ष नपुगेका व्यक्ति, गर्भवती महिला वा मानसिक अवस्था ठीक नभएको व्यक्तिलाई मदिरा विक्री वितरण गर्न पाइने छैन ।

(च)मदिरा खरीद विक्री गर्नेले मदिरा खरीद विक्री गरेको बिजक राख्नु पर्ने छ ।

(छ)इजाजतपत्रवालाले अन्तःशुल्क टिकट टाँस गरेको मदिरा मात्र विक्री वितरण गर्नु पर्नेछ।

(ज)अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका अन्य कानूनहरुको परिपालना गर्नु पर्ने छ ।

(झ)गाउँपालिका भित्र कुनै पनि व्यक्तिले बिहान १० बजे देखि राति १० वजे सम्म सिमित परिमाणमा मात्र मदिरा सेवन गर्न पाउने छ।

ञ)सार्वजनिक स्थल (गाउँपालिकाको कार्यालय,वडा कार्यालय, अस्पताल, विधालय, क्याम्पस, मठ मन्दिर तथा अन्य सबै प्रकारका सरकारी कार्यालय) रहेको वरीपरी १५० मिटर भित्रको क्षेत्रमा कुनै पनि किसिमको मदिरा जन्य पदार्थको उत्पादन,विक्री वितरण र सेवन गर्न पाइने छैन ।

ट) मदिरा विक्री वितरण गर्ने इजाजतवालाले मदिरा सेवनका लागि मदिरा खरीद गर्ने व्यक्तिको तीन पुस्ते विवरण र विक्री गरेको परिमाण खुलाई राखु पर्नेछ।उक्त विवरण गाउँपालिकाबाट खटिएको अधिकारी वा अन्य निकायको अनुगमन गर्ने अधिकारीले हेर्न चाहेमा उपलव्ध गराउनु पर्नेछ।

१३) **लागु नहुने अवस्थाः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निजी उपयोगको निमित्त महत्वपूर्ण चाडपर्वमा मात्र घरेलु मदिरा उत्पादन तथा सेवन गर्न यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नुपर्ने छैन।

१४) **गाउँपालिकालाई तिर्नु पर्ने रकम सरकारी वाँकी सरह असुल गर्नेः** यो कार्यविधि बमोजिम कुनै व्यक्तिले गाउँपालिकालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी बुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट गाउँपालिकाले सरकारी वाँकी सरह असुल उपर गर्न सक्नेछ।

१५) **दण्ड सजायः** (१) यस कार्यविधि अनुसार कार्य नगर्ने वा कार्यवधि विपरित कार्य गर्ने व्यक्तिलाई देहाय बमोजिमको कार्वाही हुनेछ।

क) यस कार्यविधि र संघीय ऐनको उल्लंघन गरेको अवस्थामा इजाजतपत्र खारेज हुनेछ।

ख) संघीय ऐनको दफा १३ बमोजिम सो कार्यसँग सम्बन्धित मदिरा जफत हुनेछ।

ग) प्रचलित कानुन बमोजिम विगो असुली तथा विगो अनुसार जरिवाना वा कैद वा दुवै सजाय हुनेछ।

१६) **मदिरा तथा अन्य समानको जफत बिक्रीः**-कुनै व्यक्ति यस कार्यविधि र प्रचलित कानून विपरीत मदिराको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा अन्तशुल्क अधिकारीले कानून बमोजिम लिलाम गर्नेछ।

१७) **तहकिकातको प्रक्रियामा सहयोग गर्नु पर्नेः**- यस कार्यविधि र प्रचलित कानून अन्तर्गत सजाय हुने कसुरको तहकिकातको शिलशिलामा अन्तशुल्क अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

१८) **मुद्दा हेर्ने अधिकारीः**- संघीय ऐनको दफा ११ बमोजिमको कसुरको शुरु कारवाही र किनारा गर्ने अधिकार नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारीलाई र बाँकी संघीय

कानुन बमोजिमको कसुरमा शुरु कारवाही र किनारा गर्ने अधिकार अन्तशुल्क अधिकृतलाई हुनेछ ।

१९) **पुनरावेदनः** अन्तशुल्क अधिकृतले दफा १९ बमोजिमको गरेको निर्णय उपरमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदनको लागि राजश्व न्यायधिकरणमा पुनरावेदन गर्न सक्नेछ ।

२०) **पुरस्कारः** (१) कसैले यस कार्यविधि तथा प्रचलित कानून विपरीत मदिरा उत्पादन, संचय, विक्री वितरण, ओसारपोसार,निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सवुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछः-

क) सुराक दिने व्यक्तिलाई विगोको दश प्रतिशत,

ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई विगोको बीस प्रतिशत,

ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई विगोको तीस प्रतिशत,

२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको समान लिलाम भएको अवस्थामा लिलामवाट प्राप्त रकमलाई विगो मानिनेछ।

३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा त्यस्तो सुराक दिने वा सवुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहरायाएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जना भन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

२१) **सहयोग गर्नु पर्नेः** यस कार्यविधि तथा प्रचलित कानूनको कार्यान्वयनको लागि आवश्यक सहयोग गर्नु गराउनु स्थानीय प्रशासन तथा सरोकारवाला र अन्य निकायहरुको कर्तव्य हुनेछ।

२२) **विविधः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।

आज्ञाले,

**प्रयाग राज पाध्या**

**प्रमुख प्रशासकीय अधिकृत**